मानेभञ्ज्याङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
मानेभञ्ज्याङ्ग, ओखलढुङ्गा
स्था : २०७३

पत्र संख्या : २०७६/०७७

प्रदेश नं. १,नेपाल

## पकेट विकास कार्यक्रमको लागि पुन प्रस्ताव आह्वानको सूचना

मानेभञ्ज्याङ्ग गाँउपालिका कृषि विकास शाखाको चालु आ.व.२०७७/०७८ को **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP)** कार्यकम अनुसार मानेभञ्ज्याङ्ग गाँउपालिकाभित्र राष्ट्रिय प्राथमिकताको आधारमा विभिन्न वालीहरुमा पकेट कार्यक्रम संचालन गर्नुपर्ने भएको हुदा आवश्यक पूर्वाधार भएका र लागत साझेदारीमा पकेट कार्यकम गर्न इच्छुक कृषक समुह /कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/कृषि फर्म तथा कम्पनी कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी हरुका लागि प्रस्ताव आवेदन आह्वानका लागि १५ दिने सूचना( मिति २०७७/१२/२५ गते देखि २०७८/०१/०८ गते सम्म )प्रकाशन गरिएकोले देहाय बमोजिमको कागजात सहित कार्यालय समयभित्र आवेदन दर्ता गर्नु हुन अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरु :**

- रु १०को टिकट सहित निवेदन र परियोजना कार्यान्वयन म्यानुयल २०७७ को अनुसूचि १० अनुसारको फाराम ।
- पकेट संचालन गर्ने वाली क्षेत्रफल र जग्गाको कित्ता खुलेको विवरण ।
- सम्वन्धित वडा तहको पकेट स्थापना गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस ।
- कृषक समुह/कृषि सहकारी /कृषि फर्म तथा कम्पनीको हकमा संस्थाको दर्ता तथा नविकरण प्रमाणपत्र (PAN VAT) दर्ता प्रमाणपत्र र अघिल्लो आ.व.२०७६/०७७ को कर चुत्ताको प्रमाणपत्र/०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन र संस्था संचालक समिति तथा समुह वैठकको निर्णयको प्रतिलिपिहरु ।
- सम्वन्धित वडा तह तथा क्लष्टरमा खटिएका कृषि प्राविधिकको पकेट संचालन गर्न उपयुक्त हुने सिफारिस ।
- यस अघि प्रस्तावित कामको लागि अन्य सरकारी तथा गैर सरकारी निकायवाट अनुदान रकम नलिएको स्वघोषणा पत्र ।
- आवेदकको नागरिकत्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- जग्गा भाडामा भए १० वर्षसम्मको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि ।
- कार्यविधि अनुसार लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

आवश्यक पूर्वाधारहरु : खाद्यान्न बाली – न्यूनतम १५ हेक्टर (३०० रोपनी ) क्षेत्रफल , आलु /तरकारी वाली– न्युनतम ७ हेक्टर (१४० रोपनी ) दलहन /तेलहन /मसला/फलफूल आदि ७ हेक्टर (१४० रोपनी ) प्लाष्टिक घरमा खेती गर्नका लागि १०,००० वर्गमिटर (२० रोपनी ) मौरीको हकमा न्युनतम ३०० घार,कन्ये तथा गोब्रे च्याउ हकमा १००० के.जी.वीउ ,सिताके च्याउको हकमा ५००० मुढामा गरेको हुनु पर्नेछ ।

थप जानकारीका लागि मानेभञ्ज्याङ्ग गाँउपालिकाको कृषि विकास शाखामा सर्म्पक ९८६०२८३७९० मा सर्म्पक गर्नु सक्नु हुनेछ /pmamp.gov.np मा परियोजना कार्यान्वयन म्यानुयल प्राप्त गर्न सकिने छ ।

लि. कृषि शाखा प्रमुख

रमेश कुमार शाह
प्रमुख प्रशासकीय अधिकृत

Website:www.manebhanjyangmun.gov.np, Email:-ito.manebhanjyangmun@gmail.com,
phone: 037410065, 037410067

Scanned with CamScanner